# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा,
कोशी प्रदेश, नेपाल

आज मिति २०८२।०३।२९ गते सभापोखरी गाउँपालिकाका अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यू को अध्यक्षतामा सभापोखरी गाउँपालिकाको १५ औं गाउँसभाको तेस्रो बैठक तपसिलमा उल्लेखित गाउँसभा सदस्य ज्यूहरुको उपस्थितिमा बैठक बसि प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | दर्जा/पद | पदाधिकारीको नाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | सभाध्यक्ष | श्री भीम बहादुर लिम्बु | | |
| २ | सभा सदस्य | श्री लक्ष्मी चापागाई | | |
| ३ | सभा सदस्य | श्री इश्वर पुलामी मगर | | |
| ४ | सभा सदस्य | श्री राज कुमार राई | | |
| ५ | सभा सदस्य | श्री दिल बहादुर तामाङ | | |
| ६ | सभा सदस्य | श्री शुक राज लिम्बु | | |
| ७ | सभा सदस्य | श्री मनिष लिम्बु | | |
| ८ | सभा सदस्य | श्री जितेन्द्र ओनेम लिम्बु | | |
| ९ | सभा सदस्य | श्री पृथ्वी नारायण राई | | |
| १० | सभा सदस्य | श्री टंक बहादुर विश्वकर्मा | | |
| ११ | सभा सदस्य | श्री कविता लिम्बु | कविता | |
| १२ | सभा सदस्य | श्री जमुना राई | | |
| १३ | सभा सदस्य | श्री शुसिला राई | | |
| १४ | सभा सदस्य | श्री बेल कुमारी विश्वकर्मा | बेलकुमारी | |
| १५ | सभा सदस्य | श्री प्रज्ञा तामाङ | | |

Scanned with CamScanner

**प्रस्तावहरु :**

१. आ.व. ०८२।०८३ को बजेट तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।
२. आ.व. ०८१/०८२ को कार्यपालिका बैठक निर्णय अनुमोदन सम्बन्धमा।
३. आ.व. ०८२/०८३ न्यायिक समितिको वार्षिक प्रतिवेदन अनुमोदन सम्बन्धमा।
४. राजश्व सुधार कार्ययोजना २०८२ स्वीकृत सम्बन्धमा।
५. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धमा।
६. करार कर्मचारी म्याद थप सम्बन्धमा।

**निर्णयहरु:**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको मिति २०८२।०३।१० गते १५ औँ गाउँसभाको दोश्रो बैठकमा गाउँसभा सदस्य एवम् बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक श्री लक्ष्मी चापागाईले गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम कुल आय रु.५०,२३,४०,८४२ (अक्षेरेपी पचास करोड तेइस लाख चालिस हजार आठ सय बयासी रुपैया) र कुल व्यय रु ५०,२३,४०,८४२ भएको गाउँसभा सदस्यहरुको बहुमतले विनियोजन विधेयक २०८२ संशोधन सहित स्वीकृत गरियो। सामाजिक उत्तरदायित्व वापत प्राप्त रकमको पनि बजेट तथा कार्यक्रम विनियोजन गरियो, सो सहित कुल बजेट जम्मा रु ५३,२७,४०,८४२ विनियोजन गरियो। आ.व. ०८२।०८३ को बजेट तथा कार्यक्रमको विस्तृत विवरण अनुसुची १ मा राखिएको छ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको आ.व. ०८१/०८२ को २०८२ माघ २८ गते देखी २०८२ असार २८ गते सम्मका साभापोखरी गाउँकार्यपालिका बाट भएका निर्णयहरु सभा सदस्य श्री मनिष हाङ्गाम लिम्बु ज्यू बाट १५ औ गाउँ सभाको तेश्रो बैठकमा अनुमोदनको लागी पेश हुँदा सभा बाट बहुमतले अनुमोदन गरियो।

**निर्णय ३**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सभापोखरी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत गरी न्यायिक समिति सदस्य श्री हेमराज राई ज्यू बाट अनुमोदनका लागि गाउँसभामा पेश गरिएको आ.व. २०८१।०८२ को न्यायिक समितिको प्रतिवेदन सभा बाट ब्रहुमतले अनुमोदन गरियो।

**निर्णय ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान कलवलगुरी झापाको आर्थिक सहयोग र परामर्शदाता पब्लिक रिसर्च सेन्टर, धनकुटाको प्राविधिक सहजीकरणमा निर्माण भएको यस सभापोखरी गाउँपालिकाको राजश्व सुधार कार्ययोजना २०८२ स्वीकृत गर्ने निर्णय पारित गरियो।



CS Scanned with CamScanner